मितिः २०८२/०७/३०
समयः विहान ७:३० बजे

आज मिति २०८२ साल कार्तिक महिनाको ३० गते आइतबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको बयालिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिब थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर बि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | आर्थिक प्रशासन शाखा प्रमुख | अधिकृत स्तर आठौं श्री रामजी रायमाझी | |
| २. | स्वास्थ्य शाखा प्रमुख | हरि प्रसाद उपाध्याय | |
| ३. | राजस्व शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ४. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ५. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ६. | प्रशासन शाखा | प्रा.स. श्री रामबाबु बस्नेत | |
| ७. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | |

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०७/३०गतेको बयालिसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.१ः- विपद सम्बन्धमा ।

आर्थिक वर्ष ०८२/०८३ को नगरस्तरीय वातावरण तथा विपद व्यवस्थापनको विपद व्यवस्थापन शिर्षकमा नगरको आन्तरिक श्रोतबाट रु.१,५०,०००००/- (रु.एक करोड पचास लाख मात्र) रकम थप गरी विपद व्यवस्थापनको कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं.२ः-प्राकृतिक श्रोत तथा विज्ञापनको आन्तरिक आय सम्बन्धमा आर्थिक वर्ष ०८२/०८३ का लागि बालुवा माटो लिई गुड्ने सवारी साधनबाट कर संकलनको आन्तरिक आय ठेक्काको बोलपत्र आव्हानको सूचना मिति २०८२/०४/०१, मिति२०८२/०५/१३ र मिति२०८२/०६/२६ गरी तिन पटक गर्दा समेत कुनै बोलपत्र पर्न नआएको हुनाले उक्त बालुवा माटो लिई गुड्ने सवारी साधनबाट कर संकलनको कार्य नगरपालिका कार्यालयले अमानतमा गर्ने निर्णय गरियो ।साथै आर्थिक वर्ष ०८२/०८३ को विज्ञापन करको लागि नगरपालिकाले राखेको डिजिटल वोर्डहरुमा बाहेक गरी पुनः ठेक्का निकाल्ने निर्णय गरियो ।

निर्णय नं.३ः- डिजिटल बोर्ड सम्बन्धमा ।

नगरपालिकाले नगरक्षेत्रको विभिन्न स्थानमा राखेको डिजिटल बोर्डबाट नगरपालिकाको सन्देशहरु प्रशारण गर्ने र उक्त बोर्डबाट व्यापारिक विज्ञापन तथा सन्देशहरु प्रशारण गरी व्यावसायिक रुपमा समेत संचालन गर्नका लागि अध्ययन गर्ने निर्णय गरियो ।

निर्णय नं.४ः- तेल मिल (वडा नं.५मा रहेको) नगरपालिकामा फिर्ता गर्ने सम्बन्धमा ।

नगरपालिकाको वित्तिय सहयोगमा वडा नं.५ स्थित स्थापना भई स्वाबलम्बी महिला समूहले संचालन गरेको तेलमिल उक्त महिला समूहले संचालन गर्न नसकेको हुनाले नगरपालिकालाई फिर्ता लिन उक्त समूहले वडा कार्यालयमा निवेदन दिएको र वडा कार्यालयले फिर्ता लिई दिन सिफारिस समेत गरेकोले स्वाबलम्बी महिला समूहबाट उक्त तेल मिल फिर्ता लिने निर्णय गरियो ।

निर्णय नं.५ः-नगर अस्पतालको भवनका लागि बजेट सम्बन्धमा ।

यस नगरपालिकाको नगर अस्पताल निर्माणको कार्य भइरहेकोमा उक्त निर्माण कार्यमा नगरपालिकाले भुक्तानी गर्नु पर्ने रु.५७,००,०००/- (रु.सन्ताउन्न लाख मात्र) को बजेट व्यवस्थापन नगरको भुक्तानी दायित्व शिर्षकबाट भुक्तानी  गर्ने निर्णय गरियो ।

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०७/३०गतेको बयालिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.६:- विविध सम्बन्धमा ।

६.१) मिति २०८२ भाद्र २३ र २४ को जेन्जी आन्दोलनका क्रममा भाद्र २४ गते वडा नं.५र६को राजस्व संकलनको रकम लुटीएको सम्बन्धमा प्रहरीमा उजुरी गर्ने निर्णय गरियो ।

६.२) यस नगरपालिका अन्तर्गत वडा नं.५र६ क्षेत्रमा संचालनमा रहेका डान्सबार दोहोरी र रेष्टुरेण्टहरु स्वीकृती लिई नविकरण भई संचालन भएको हकमा रातको १०:०० बजे सम्म मात्र संचालन गर्न दिने निर्णय गरियो ।

६.३) यस नगरपालिकाको वडा नं.१ ओखेनी मुलखर्कमा राखी संचालनमा ल्याइएको एम्बुलेन्सबाट दुर्घटना भई घाइतेको उपचारमा लागेको रु.९१,९१२/- मध्य रु.५०,०००/- नगर स्तरीय स्वास्थ्य तर्फको चालू शिर्षक असाध्य रोग अनुदान एवंम् बिपन्न उपचार सहयोग शिर्षकबाट भुक्तानी भएको मा बाँकी रु.४१,९१२/- नगर स्तरिय विविध शिर्षकबाट खर्च लेखिने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

६.४) नगरपालिका क्षेत्रभित्रका बेरोजगार युवा युवतीहरुलाई प्रविधिमैत्री रोजगारीको अवसरमा पहुँच विस्तार गर्न आ.ब.०८२/०८३ को नगरस्तरीय मिसन रोजगारी कार्यक्रम शिर्षकबाट खर्च लेखिने गरी रु.५,००,०००/-बजेट बाट" ड्रोन अपरेटर वर्कशप एण्ड ट्रेनिङ्ग" संचालन गर्ने निर्णय गर्ने निर्णय गरियो ।

६.५) आ.व.०८२/०८३ को नगरस्तरीय संस्थागत अनुदान शिर्षक अन्तरगतको गणेशमान सिंह अध्ययन प्रतिष्ठान संचालन व्यवस्थापन अनुदानलाई संशोधन गरी गणेशमान सिंह फाउण्डेशन संचालन व्यवस्थापन अनुदान कायम गरी अनुदान दिने निर्णय गरियो ।

६.६) आ.ब.०८२/०८३ को वडा नं.१को वडास्तरीय आर्थिक विकास तर्फको (क्र.स.५) पार्श्वचित्र निर्माण तथा प्रशारण रु.४,००,०००/-शिर्षक संशोधन गरी वृत्तचित्र निर्माण तथा प्रशारण शिर्षक कायम गरी कार्यक्रम संचालन गर्ने निर्णय गरयो ।

६.७) आ.ब.०८२/०८३ को नगरस्तरीय पूँजिगत तर्फको योजना (क्र.स.)१५६ को वडा नं.९ सामुदायिक भवन जानेबाटो स्तरउन्नती शिर्षकको रु.२०,००,०००/- बाट रु.१०,००,०००/- बजेट सोही शिर्षकमा यथावत राखी बाँकी रु.१०,००,०००/- बाट वडा नं.४ हनुमानचोक गोकर्णमा ट्राफिक लाइट व्यवस्थापन गर्ने निर्णय गरियो ।

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०७/३०गतेको बयालिसौं कार्यपालिका बैठकको निर्णय

६.८) आ.ब.०८२/०८३ को नगरस्तरीय नगरप्रमुख कार्यक्रमबाट खर्च लेखिने गरी जोरपाटी चोक मा गोकर्णेश्वर महादेव मन्दिर झल्कने फाउन्टेन निर्माण गर्न रु.१०,००,०००/- विनियोजन गरी फाउन्टेन निर्माणको कार्य गर्ने निर्णय गरियो ।

६.९) आ.ब.०८२/०८३ को नगर स्तरीय स्वास्थ्य तर्फको चालू शिर्षक असाध्य रोग अनुदान एवंम् बिपन्न उपचार सहयोग बाट खर्च लेखिने गरी देहाय बमोजिम उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नामथर र ठेगाना | उपचार विवरण | रकम |
|---|---|---|---|
| १ | सिद्दी देवि श्रेष्ठ, गो.न.पा.४ | स्तन क्यान्सर | रु.५०,०००/- |
| २ | राजेश श्रेष्ठ, गो.न.पा.४ | क्यान्सर | रु.५०,०००/- |
| ३ | कृष्ण कुमारी यादव, गो.न.पा.५ | पाठेघरको क्यान्सर | रु.५०,०००/- |
| ४ | राजेन्द्र तामाङ | नगरको एम्बुलेन्सबाट घाइते भएकाको उपचार | रु.५०,०००/- |
| ५ | पुजा लामा (चौलागाई) गो.न.पा.३ | लिम्फोमा भन्ने क्यान्सर | रु.५०,०००/- |
| ६ | नवराज शर्मा भण्डारी, गो.न.पा.२ | घाँटीको क्यान्सर | रु.५०,०००/- |
| ७ | रमादेवि उपाध्याय, गो.न.पा.९ | छातीको क्यान्सर | रु.५०,०००/- |
| ८ | सारांस न्यौपाने, गो.न.पा.२ | कानको विरामी मेजर सल्यकृया गर्नु पर्ने निवेदक आमा ईन्द्रकला न्यौपाने | रु.५०,०००/- |
| ९ | शेर बहादुर सुनार, गो.न.पा.६ | आन्द्राको क्यान्सर | रु.५०,०००/- |

७.१०) आ.ब.०८२/०८३ को नगरस्तरीय पूँजिगत योजना (क्र.स.२४) वडा नं.३ व्यासी घलान टोल हुँदै तारेभिर जाने सडक स्तरोन्नती रु.१५,००,०००/- लाई संशोधन गरी रु.१०,००,०००/- बजेटले वडा नं.३ डम्फु पार्क निर्माण गर्ने र रु.५,००,०००/- घलान टोल हुँदै पोखरी भित्ता जाने सडकमा ड्रेन तथा वाल निर्माण गर्ने निर्णय गरियो ।

७.११) यस गोकर्णेश्वर नगरपालिका अन्तर्गतका वडा नं. ३,५,६,८ र ९ का तपसिल बमोजिमका विभिन्न स्थानका ढलान सडकहरूलाई थप स्तरोन्नती गर्नका लागि गोकर्णेश्वर नगरपालिका वडा नं. ३,५,६, ८ र ९ का विभिन्न ढलान सडक मर्मत तथा Asphalt Overlay कार्य गर्नको लागि एकमुष्ट लागत अनुमान रकम रू. ।—बजेट विनियोजन/ स्रोत सुनिश्चितता सहित एउटै प्याकेज गरि ठेक्का मार्फत योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.स. | योजनाको नाम | लागत अनुमान | विनियोजित बजेट | अपुग रकम |
|---|---|---|---|---|
| १ | वडा नं ६ र ८ को सिमा राई स्कुल जाने बाटो स्तरोउन्नति | २०७१९०७.७१ | २०००००० | ७१९०७.७१ |
| २ | वडा नं ८ आरुबारी डाडा गाउँ देखि छहारी क्लब सम्म बाटो स्तरोउन्नति | २७३८१२९.०८ | २०००००० | ७३८१२९.०८ |
| ३ | वडा नं ८ आरुबारी रमेश विकलको शालिकबाट मेडिकल कलेज सम्मको बाटो स्तरोउन्नति | ४२२३८६६.२४ | २०००००० | २२२३८६६.२४ |
| ४ | वडा नं ८ आरुबारी देखि त्रिबेणी पार्टी प्यालेससम्मको बाटो स्तरोउन्नति | २०८०४७६.९७ | २०००००० | ८०४७६.९७ |
| ५ | वडा नं ५ अघौंतेश्वर मन्दिर देखि बागमती कोरिडोर सम्म स्तरोउन्नति | ५७८७६२६.३७ | - | ५७८७६२६.३७ |
| ६ | वडा न ६ वडा कार्यालय देखि चामुण्डा मन्दिर जाने सडक स्तरोउन्नति | १४०७६८९.३३ | - | १४०७६८९.३३ |
| ७ | वडा न ८ मेडिकल कलेज चोक देखि बागमती कोरिडोर जाने सडक स्तरोउन्नति | १८९३२३५.२३ | - | १८९३२३५.२३ |
| ८ | वडा न ३ को कल्वर्ट देखि वडा कार्यालय जाने सडक मर्मत कार्य | ९५७३०८.८२ | | ९५७३०८.८२ |
| | जम्मा | २११६०२३९.७५ | ८०,००,०००.०० | १३१६०२३९.७५ |

माथि उल्लेखित योजनाहरुको लागि अपुग रकम रू. १,३१,६०,२३९.७५ मध्ये वडा न २ धाराचोक देखि स्वेत बाराही जाने बाटो स्तरोउन्नति रकम रु ३५,००,०००/- रकमान्तर साथै बाँकी रकम ९६,६०,२३९.७५ आन्तरिक श्रोतबाट विनियोजन/ सुनिश्चित हुने गरि/आगामि नगरसभाबाट विनियोजन/ अनुमोदन गर्ने गरि खरिद प्रकृया तत्काल सुरू गर्ने निर्णय गरियो।